# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४१२ *मितिः-* २०६३/१२/११

इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

विषयः परिवर्त्य विदेशी मुद्रा कारोवार गर्न इजाजतप्राप्त मनिचेञ्जरहरुलाई परिवर्त्य विदेशी मुद्रामा पनि खाता खोल्न दिने बारे ।

महाशय,

यस बैंकबाट इजाजत लिई परिवर्त्य विदेशी मुद्राको खरिद कारोवार गरी रहेका मनिचेञ्जर फर्म/कम्पनीलाई निम्न शर्तहरू अन्तर्गत परिवर्त्य विदेशी मुद्राको खाता खोल्न दिने व्यवस्था गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. यसरी खोलिएका खातामा सम्बन्धित मनिचेञ्जर फर्म/कम्पनीले आफूले खरिद गरेको परिवर्त्य विदेशी मुद्रा जम्मा गर्न सक्ने ।

२. त्यसरी खोलिएका खातामा रहेको मौज्दात खातावालाले चाहेमा यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक/वित्तीय संस्था ("क" र राष्ट्रियस्तरको "ख" वर्ग) लाई बिक्री गर्न सकिने ।

३. इजाजतपत्रप्राप्त मनिचेञ्जर फर्म/कम्पनीको इजाजतपत्र अध्यावधिक नवीकरण भएको हुनुपर्ने ।

४. विदेशी मुद्रा कारोवार इजाजतपत्रको म्याद सकिएको बढीमा ३० दिनभित्र पनि नवीकरण गरेको इजाजतपत्र पेश नगरेको खण्डमा त्यस्ता खाताअन्तर्गत विदेशी मुद्रा कारोवार गर्न पाइने छैन ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक